क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

प.स. : २०८१/०८२
च.नं. : १३२६

**विषयः तहवृद्धि/स्तरवृद्धि लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना।**

(सूचना प्रकाशन मितिः२०८२।०२।१४)

मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा १ र २ बमोजिम तह वृद्धि/स्तर वृद्धिको लागि यस क्षीरेश्वरनाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत योग्यता पुगेका कर्मचारीहरुले स्तरवृद्धिको लागि निवेदन साथ देहायका सम्पूर्ण कागजातहरुको प्रमाणीत प्रतिलिपी सहित यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालको कर्मचारी प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक कागजातहरुः

- "क्षीरेश्वरनाथ नगरपालिकाको स्थानीय सेवाका कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि २०८१" को अनुसूची – २ बमोजिमको निवेदन.
- स्थानीय स्वास्थ्य सेवा बाहेकको हकमा तह वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा तीन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र, तह मिलान पत्र, समायोजन पत्र, सरुवा पत्र , रमाना पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी)।
- पछिल्लो तीन आ.व. मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।
- स्थानीय स्वास्थ्य सेवाको हकमा स्तर वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा पाँच वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र, PIS अध्यावधिक गरेको विवरण, समायोजन पत्र, सरुवा पत्र, रमाना पत्र, शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी)।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री निजामति किताबखाना, हरिहरभवन, ललितपुर।
श्री प्रदेश निजामति किताबखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।



CamScanner